# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

**गण्डकी प्रदेश, नेपाल**

पत्र संख्या :- ०७७/७८

चलानी नं. :-

मिति :- २०७७।०८।२६

सूचना नं. २५-२०७७/०७८

**कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७७।०८।२६ गते)

श्री सबै सामुदायिक विद्यालयहरु,
विहादी गाउँपालिका, पर्वत ।

प्रस्तुत विषयमा चालु आ.व. २०७७/०७८ मा विहादी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुका लागि सशर्त अनुदानको रुपमा प्राप्त **"शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पदानमा आधारित प्रोत्साहन अनुदान र विद्यालय भौतिक पूर्वाधार कार्यक्रम"** अन्तर्गत देहाय अनुसारका कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत केन्द्रले तयार पारेको कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम हुने गरी तपसिल बमोजिमका आधारहरुमा रही यही मिति २०७७।०९।१२ गतेसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | जम्मा रकम रु. | कोटा संख्या | प्रति एकाइ रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना र व्यवस्थापन अनुदान | ६,५०,०००।- | १ | ६,५०,०००।- | |
| २ | माध्यमिक विद्यालयमा शिक्षण सिकाइमा ICT प्रयोगका लागि अनुदान | ६,५०,०००।- | १ | ६,५०,०००।- | |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६,५०,०००।- | १ | ६,५०,०००।- | |
| ४ | गणित विज्ञान र अँग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री KITS कक्षा (६-८) अनुदान | ५०,०००।- | १ | ५०,०००।- | |
| ५ | WASh सुविधा सहितको शौचालय निर्माण अनुदान | १४,००,००० ।- | २ | ७,००,०००।- | |
| ६ | तोकिएको सुचकहरुको आधारमा कार्य सम्पादन गर्ने विद्यालयहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | २,५०,०००।- | ५ | ५०,०००।- | |

१. प्रस्ताव पेश गर्दा यस प्रकारको अनुदान यस भन्दा पुर्व कतैबाट नलिएको हुनुपर्ने ।
२. प्रस्तावना तोकिएको रकम बराबरको हुनुपर्ने ।
३. प्रस्ताव पेश गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको समग्र भौतिक, शैक्षिक तथा अन्य पक्षको विवरणका साथै प्रस्ताव पेश भएको कार्यक्रमको वर्तमान अवस्था तथा विगतमा भएका कार्यक्रमबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा पारेको प्रभावलाई अनिवार्य समेट्नु पर्ने ।
४. कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूचि-५ बमोजिम छनौट प्रक्रिया पुरा भएका विद्यालयहरु ।

२०७७।०८।२६